

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस् !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । 100% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क ६४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ चैत ५ गते आइतबार ❑ 19 March 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## वात्स्यायनलाई नागरिक अभिनन्दन सहित रथारोहण

**पोखरापत्र संवाददाता**
पोखरा, ४ चैत

अग्रज कलाकार दुर्गा बराल (वात्स्यायन) लाई पोखरामा नागरिक अभिनन्दन सहित रथारोहण गरिएको छ।

यही चैत ५ गते ८० बर्ष पूरा गरी ८१ बर्षमा प्रबेश गरेको पूर्व सन्ध्यामा शनिबार उनलाई पोखरेली युवा सांस्कृतिक परिवारको अगुवाइमा पोखराका साहित्यिक र वाङ्मयिक संस्थाहरुले सामुहिक रुपमा नागरिक अभिनन्दन सहित रथारोहण गरिएको परिवारका अध्यक्ष उपेन्द्र पौडेलले बताए।

पोखरा १३ मा जन्मिएका कलाकार बराल चित्रकारितामा सक्रिय भई उहाँले नेपाली चित्रकारितालाई अति यथार्थवादी धारमा डोऱ्याउन अतुलनीय योगदान पुर्‍याउदै आएकोलेत्यसकोउच्चमुल्याङ्कन गर्दै सम्मान गरिएको अध्यक्ष पौडेलले बताए । सानै उमेरमा धुलीमाटीमा औंलाले चित्र बनाउनेदेखि अहिलेसम्म चित्रकारितामा सक्रिय भई पोखरालाई पानी रङको चित्रकारितामा स्थापित गर्दै कलाकार बरालले थुप्रै अनुजहरुलाईदीक्षितपारेकोअध्यक्ष पौडेलले बताए । वात्स्यायनका नाममार्फत व्यंग्यचित्रका माध्यमबाट नेपालीको समाज र राजनीतिका विकृति, विसंगति केलाउँदै व्यंग्यचित्रकारितामा सर्वोच्च शिखरका रुपमा आफूलाई उभ्याउन सफल एक कलाकार हुन् । व्यंग्यचित्रकारिताका माध्यमबाट नेपाली प्रजातान्त्रिक आन्दोलनलाई प्रेरित गर्दै



प्रजातन्त्रको संस्थागत विकास र सुदृढीकरणमा कलाकार बरालको विशिष्ट योगदान रहेको परिवारले जनाएको छ।

पोखरामा शारीरिक सुगठन कला भित्रयाउने र प्रशिक्षण गर्ने श्रेय पनि बराललाई जाने अध्यक्ष पौडेलले जनाए । पोखरामा फोटोग्राफी कला र व्यवसाय विस्तार र प्रशिक्षणमा पनि उनको उतिकै योगदान रहेको उनले जनाए । राजधानी काठमाडौं बस्न छाडेर जन्मभूमि पोखरालाई कर्मथलो बनायर पनि अन्तराष्ट्रिय क्षेत्रसम्म प्रभाव पार्दै चम्किएका कलाकार बराल पोखरा देशकै अमूल्य रत्नको रुपमा हेर्न थालिएको छ । सरल स्वभावका कलाकार बराल सधै हसिलो मुहारमा देखिन्छन् । शनिबार कलाकार बरालकै निवास पोखरा ३ नदीपुरबाट रथारोहण सुरु भई कन्या क्याम्पस गेट अगाडी, बालमन्दिर स्कुल अगाडी, नदीपुर, पृथ्वीनारायण क्याम्पस गेट, ट्याक्सीचोक, बागबजार हुदै विन्ध्यवासिनी मन्दिर परिसरको सभाकक्ष पुगेर सम्मान समारोहमा परिणत भएको अध्यक्ष पौडेलले बताए।

साहित्यकार सरुभक्त श्रेष्ठ, इश्वरीमणि अधिकारी, चर्चीत लोकगायीक हरिदेवी कोइराला लगायतले वात्स्यायनलाई सम्मान गरे । नेपाली राजनीतिक तथा सामाजिक क्षेत्रमा कलाकारीतबाट मार्गदशक भएका वात्स्यायन नेपाली व्याङ्गृचित्रको क्षेत्रमा शिखर पुरुषको उपाधि दिने मिल्ने कलाकार भएको सरुभक्तले बताए । उनीहरुलाई सपोखराका केही क्षेत्रमा घडा सहित सजिसजावट पारेका थिए।

राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरबाट यस अघि विभिन्न संघ संस्थाबाट समेत सम्मानित भएका कलाकार बराल बाल्यकालमा क, ख रा सिक्नु भन्दा पहिला चित्र कोर्नबाट चित्रकारिता प्रारम्भ गरेका हुन् । पोखरामा परिवारको अगुवाईमा साहित्यिक संस्थाहरुले सम्मान गरेकोमा आफु निकै हर्षित भएको उनले बताए। उनलाई यस अघि विभिन्न संघ संस्थाले चितवन र पोखरामा पनि अभिनन्दन सहित रथारोहण समेत गराएका थिए ।

समय र परिवेसले चित्रकार बनेको स्मरण गर्दै कलाकार बरालले एउटै बिषयमा लामो समय लाग्दा त्यसबाट धेरै उपलब्ध हासिल गर्न सकिने बताए । नेपालमा अझै पनि आफुहरुले सोचे अनुसारको व्यवसायीक कलाकारीता हुन नसकेको उनको बुझाई छ। करिब १२ देश भ्रमण समेत गरेका कलाकार बरालले नेपालमा कलाकारीतालाई अझै व्यवसायी बनाउन नसकिएको बताए । २० बर्षको उमेरमा नयाँ सन्देस साप्ताहिकबाट आफ्नो व्यवसायिक चित्रकला सुरु गरेका उनले करिब ५ दशक यसै क्षेत्रमा समर्पित भएका छन् । पञ्चायतकालमा नै नाम चलेका पत्रपत्रिका राष्ट्रपुकार, मातृभूमि, प्राङ्गण, देशान्तर, सुरुचि, गोरखापत्र र कान्तिपुर दैनिकमा उहाँका कार्टुन प्रकाशन भएका छन् ।

इटली, स्वीटजरल्याण्ड, बेलायत, जर्मनी, तिब्बत, भारत, बङ्गलादेशमा उनले समूहगत कला प्रदर्शनी गरेका छन्। उनले छ पटक एकल प्रदर्शनी र सामूहिकरूपमा एक सय ५० वटा जति प्रदर्शनी गरेका छन्। विसं २०४० मा उहाँले 'चोक र तमसुक' शृङ्खलाका कला प्रदर्शनी गरे, जसले नेपाली समाजको यर्थाथलाई झल्काएको छ। बराल सर्वोत्तम कला पुरस्कार २०३८, शिरोमणि पुरस्कार २०४९, नवरत्न सम्मान २०५९, विपी कोइराला पत्रकारिता पुरस्कार २०६९, गोपालदास पत्रकारिता पुरस्कार २०६३, प्रेस स्वतन्त्रता सेनानी २०६४, राष्ट्रिय प्रतिभा पुरस्कार २०६४, जगदम्बाश्री पुरस्कार २०७३ बाट सम्मानित भएका छन्।

## संविधानको पालना र संवैधानिक जिम्मेवारी नै मार्गनिर्देशक : राष्ट्रपति पौडेल

**रासस**
काठमाडौं, ४ चैत

राष्ट्रपति रामचन्द्र पौडेलले नेपालको राष्ट्रिय एकताको प्रवर्द्धन, स्वाधीनताको रक्षा, संविधानको पालना र संरक्षण गर्ने संवैधानिक जिम्मेवारी नै आफ्ना मार्गनिर्देशक सिद्धान्त रहने बताउनुभएको छ।

राष्ट्रपतिमा निर्वाचित भएपछि सङ्घीय सांसद र प्रदेशसभा सदस्यलाई राष्ट्रपति कार्यालयमा साक्षात्कार तथा धन्यवाद दिन शनिबार आयोजित समारोहमा उहाँले राष्ट्रपतिका काम, कर्तव्य तथा जिम्मेवारी वहन गर्दा संविधानप्रदत्त मर्यादा तथा संविधानका अक्षर र भावनालाई आत्मसात् गरी दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकाङ्क्षा पूरा गर्ने राष्ट्रिय अभियानमा सरिक हुन सदैव तत्पर रहने उल्लेख गर्नुभयो।

राष्ट्रपति पौडेलले भन्नुभयो, "संविधान निर्माण गर्ने प्रक्रियामा सहभागी रहेर काम गर्ने अवसर प्राप्त गरेका कारणले पनि संविधानले राष्ट्रपतिलाई दिएको काम, कर्तव्य र अधिकारप्रति म सचेत रहने विश्वास दिलाउन चाहन्छु। वर्तमान संविधानले नेपाल राष्ट्रलाई मार्गदर्शन गर्ने कुराप्रति सदैव सजग रहने प्रण गर्दछु ।" आवधिक निर्वाचन लोकतन्त्रको प्राणवायु भएको उल्लेख गर्दै उहाँले नेपालमा स्थानीय तह, प्रतिनिधिसभा, प्रदेशसभादेखि राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन सफलतापूर्वक सम्पन्न भएकामा सबैमा बधाई तथा धन्यवाद ज्ञापन गर्नुभयो । "यस महत्वपूर्ण घडीमा मुलुकलाई यहाँसम्म ल्याउन अहम् भूमिका खेल्ने सहिद तथा अग्रजप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। संविधानको पालना र संरक्षण गर्ने विषय अबको प्रमुख दायित्व र कर्तव्य हुनेछ भन्ने प्रष्ट पार्न चाहन्छु । गणतान्त्रिक नेपालको राष्ट्रपतिबाट नेपाली जनताले अपेक्षा गरेको व्यवहार र कार्यशैलीप्रति म सदैव सचेत छु र भविष्यमा पनि रहनेछु", उहाँले भन्नभयो।

राष्ट्रपति संस्थाले निर्वाह गर्ने भूमिकाले संविधान र शासन व्यवस्थाको अभ्यास प्रभावित हुनेमा सजग रही निर्दिष्ट कार्यसम्पादन गर्दा निष्पक्षता, तटस्थता तथा विधिको पालनामा प्रतिबद्ध रहने राष्ट्रपति पौडेलले प्रण गर्नुभएको छ । संविधानले नेपालका तमाम जनतालाई असिम अधिकार प्रदान गरेको उल्लेख गर्दै

बाँकी अन्तिम पृष्ठमा ▶▶

## 'थमन-महेश स्मृति पत्रकारिता पुरस्कार' भुसाललाई

**पोखरापत्र संवाददाता**
पोखरा, ४ चैत




प्रेस सेन्टर नेपाल कास्की शाखामा स्थापित 'थमन-महेश स्मृति पत्रकारिता पुरस्कार' पत्रकार विभु भुसाललाई प्रदान गरिएको छ । रु २५ हजार एक राशिको सो पुरस्कार शनिबार शाखाको साधारणसभाका अवसरमा नेकपा (माओवादी केन्द्र)का महासचिव देव गुरुङले पत्रकार भुसाललाई प्रदान गर्नुभयो।

दुई दशकदेखि पत्रकारितामा क्रियाशील भुसाल प्रेस सेन्टर नेपालको नीति तथा परामर्श विभागको सदस्यसमेत हुनुहुन्छ । पोखराबाट प्रकाशित हुने स्वाभिमान साप्ताहिकका तत्कालीन सम्पादक थमन परियार र पत्रकार महेश पहारीको स्मृतिमा प्रेस सेन्टरले उक्त पुरस्कार स्थापना गरेको थियो। जनपक्षीय पत्रकारितामा क्रियाशील पत्रकारलाई बर्सेनि सो पुरस्कार प्रदान गर्ने गरिएको प्रेस सेन्टर नेपाल कास्की शाखाका अध्यक्ष कृष्ण दबाडीले बताउनुभयो।

## मुलुक स्ववियु निर्वाचनमय

**रासस**
काठमाडौं, ४ चैत

करिब १४ वर्षपछि आइतबार त्रिभुवन विश्वविद्यालयअन्तर्गतका क्याम्पसमा स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) निर्वाचन हुँदैछ। निर्वाचनका लागि त्रिविअन्तर्गतका आङ्गिक र सम्बन्धन प्राप्त क्याम्पसले तयारी पूरा गरिसकेका छन् । यसपटक सबै विद्यार्थी सङ्गठनको एकमात्र एजेन्डा स्ववियु निर्वाचन भएपछि निश्चित भएको हो।

पटक पटक घोषणा भए पनि यसअघि स्ववियु निर्वाचन हुन सकेको थिएन । चैत ५ गते हुने स्ववियु निर्वाचनबाट राजनीतिक दलदेखि विद्यार्थी सङ्गठनसम्म उत्साही भएका छन् । उम्मेदवारी दर्तादेखि नै उत्साहपूर्ण रुपमा लागेका विद्यार्थी सङ्गठन आइतबार हुने निर्वाचनका लागि झनै उत्साही भएका छन्। उनीहरु अहिले आफ्नो पक्षमा माहोल बनाउन लागिपरेका छन्। देशभरिका त्रिविका ६२ आङ्गिक क्याम्पस र एक हजार ४० क्याम्पसमा एकै दिन हुने निर्वाचनले मुलुक स्ववियु निर्वाचनमय भएको छ।

विश्वविद्यालयमा अध्ययरत विद्यार्थी र तिनले आन्दोलनमार्फत गरेका सहमति कार्यान्वयन गर्न, क्याम्पस तथा विश्वविद्यालयको नीति निर्माण र कार्यान्वयनमा विद्यार्थी प्रतिनिधित्व सुनिश्चित गर्न, क्याम्पसमा शैक्षिक वातावरण कायम गर्न र विद्यार्थीको चौतर्फी विकासका लागि स्ववियु निर्वाचन हुँदै आएको छ। स्ववियु निर्वाचन २०६५ सालदेखि यता नियमित हुन सकेको छैन। विसं २०५४ मा भएको स्थानीय तहको निर्वाचन एकै पटक गणतन्त्र आइसकेपछि २०७४ सालमा भएको थियो । अहिले स्ववियु निर्वाचन पनि करिब १४ वर्षपछि हुन लागेको हो। त्रिवि विद्यार्थी कल्याण तथा खेलकुद निर्देशनालयका निर्देशक पशुपति अधिकारी सरकार, राजनीतिक दल र विद्यार्थी सङ्गठनको सहयोगका कारणले अहिले निर्वाचन सम्भव भएको बताउनुहुन्छ । "प्रत्येक दुई/दुई वर्षमा हुने स्ववियु निर्वाचनमा विगतमा धेरै पटक प्रयास भएका थिए । तर विद्यार्थी सङ्गठनको कारणले सम्भव भएको थिएन", उहाँले भन्नुभयो, "यसपटक सबैको सहयोगले हामी आइतबार निर्वाचन गर्न गइरहेका छौं।"

निर्वाचन कार्यतालिका प्रकाशन भएसँगै क्याम्पसमा भर्ना पनि बन्द गरेकाले निर्वाचन गर्न सहज भएको अधिकारी बताउनुहुन्छ । स्वविवु निर्वाचन केन्द्रीय अनुगमन तथा समन्वय समितिका सदस्यसचिवसमेत रहनुभएका

बाँकी अन्तिम पृष्ठमा ▶▶


सार्वजनिक सेवालाई पारदर्शी बनाऔं।

- सार्वजनिक निकायका कामकारवाहीलाई पारदर्शी बनाऔं।
- सेवाग्राहीले सहज र सोझै सेवा लिनसक्ने व्यवस्था मिलाऔं।
- आधिकारिक सेवा प्रदायकबाट सेवा लिऔं, विचौलियामार्फत काम नगरौं।
- सकेसम्म सेवाग्राही आफैले सेवा प्राप्त गर्ने गरौं।

*सार्वजनिक सेवालाई सरल, सहज र पारदर्शी बनाऔं।*

नेपाल सरकार
विज्ञापन बोर्ड



सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. -५२०६५१

# रामराज्य भनेको नै प्रजातन्त्र हो : गण्डकी प्रदेश सभापति शर्मा

**पोखरापत्र संवाददाता**
पोखरा, ४ चैत

नेपाली कांग्रेस गण्डकी प्रदेशका सभापति शुक्रराज शर्माले रामराज्य भनेको नै प्रजातन्त्र भएको जानकारी गराएका छन् ।

शनिबार नेपाल शिक्षक संघको नवौं अधिवेशनको उद्घाटन कार्यक्रम सभामा प्रमुख अतिथिको मन्तब्य व्यक्त गर्दै सभापति शर्माले भगवान राम प्रजातन्त्रवादी भएको हुँदा नै प्रजातान्त्रिक सोंचका कारण नीतिवान र नैतिकवानले गर्दा रामराज्य सुखको राज्य भएको बताए ।

नैतिकवान मुखले मात्र बोलेर नहुने व्यवहारमा उतार्नुपर्ने बताउँदै उनले भने "जनतालाई सुखी र खुसी बनाउन भगवान रामले जुन अथाह मेहनत र प्रयास गरेर उपलब्धी प्राप्त गरेका थिए त्यो नै रामराज्य भएको र त्यसको लागि प्रजातन्त्रको बाटो हिड्नु आजको आवश्यकता हो ।"

उक्त कार्यक्रममा बोल्दै "शिक्षक भनेको समाजको अगुवा हो, समस्या देखाउने होइन समस्यालाई समाधानको नेतृत्व गरेर अगाडि बढ्न सक्नु पर्छ, साहस राखेर अगाडि बढ्ने हो, समस्याको समाधान गर्न सकिदैन भने त्यो कम्युनिष्ट हो । प्रजातन्त्रवादीहरुको समस्या पनि अनेकौं हुन्छन् र समाधान पनि अनेकौ किसिमबाट विकल्प निकाल्न सकिने हुन्छ । कम्युनिष्ट सँग समस्या हुँदै हुँदैन, समस्या आएभने समाधान गर्न सक्दैनन्, बरु टुक्रिन्छन् ।" उनले भने ।

समस्या सबैका हुने भएको हुँदा भन समस्या थप्ने होइन, समाधानका उपाय खोजेर अगाडि बढ्न आग्रह गर्दै शिक्षा सुधारको लागि शिक्षकहरुले आवश्यक ठानेमा जुनसुकै ठाउँमा उभिएर सहयोग गर्न तयार रहेको उनले बताएका थिए ।

शिक्षकले संस्कार र पद्धति सिकाउने भएको हुँदा अरुलाई दोष दिएर आफु चोखो नबनी विद्यार्थी मैत्री बन्नु पर्छ उनले भने, शिक्षकबाट सबैभन्दा बढी प्रभावित विद्यार्थी हुन्छन्, उनिहरुले सिकाएको शिक्षा स्तरीय भयो भने बल्ल प्रभावित बन्छ र विद्यार्थी प्रजातन्त्रवादी बन्छ त्यसैले शिक्षकहरुले चाहेको खण्डमा देशकै नेतृत्व गरेर अगाडि बढ्ने सक्ने भएको हुँदा समस्या समस्या भनेर पछाडि हट्न नहुने उनले बताए । साथै सभापति शर्माले विकशित मुलुकको तुलनामा भौतिक रुपमा हामी कमजोर भएपनि हाम्रो संस्कार, संस्कृति र भौगोलिक वनावटले सबैभन्दा उच्च भएको हुँदा हामीले आफ्नो शिक्षा नीतिलाई संस्कार सँगै अगाडि बढाएमा शिक्षा नीति विश्वमै अग्रस्थानमा आउने जानकारी गराए ।

उक्त कार्यक्रममा पूर्व मन्त्री यज्ञ बहादुर थापा, नेपाली कांग्रेस जिल्ला सभापति किशोरदत्त बराल, पूर्व सभापति कृष्ण केसी, उपसभापति युवराज कुँबर, निवर्तमान सचिव सुदिपमोहन भट्टराई, गण्डकी प्रदेश सदस्य एवम् प्रचार विभाग उपप्रमुख शिरोमणि बराल, नेपाल ट्रेड युनियन गण्डकी प्रदेश सभापति मुरारी शर्मा, नेपाल शिक्षक संघ गण्डकी प्रदेशका सभापति शिरोमणि लामिछाने लगायतका नेताहरुले शुभकामना मन्तव्य राखेका थिए ।

उद्घाटन सत्रको अवसरमा उत्कृष्ट शिक्षकहरुलाई सम्मान गरिएको थियो ।

रमेश मोहन भट्टराईको अध्यक्षतामा भएको कार्यक्रम सचिव राजु क्षेत्रीले कार्यक्रमको सञ्चालन गरेका थिए ।



डुङ्गा सयर गर्दै भक्तजन
फेवाताल बीच भागमा अवस्थित प्रसिद्ध धार्मिक स्थल ताल बाराही दर्शनका लागि शनिबार डुङ्गा सयर गर्दै भक्तजन । तस्बिर हरिप्रसाद बास्तोला

# रेवान कप टेनिस उपाधीका लागि राजन र नविन भिड्ने

**पोखरापत्र संवाददाता**
पोखरा, ४ चैत

पोखरा रंगशालामा जारी तेश्रो रेवान कप टेनिस प्रतियोगिताको मेन्स सिंगल्स उपाधीका लागि राजन पौडेल र नविन श्रेष्ठ भिड्ने भएका छन् ।

कास्की जिल्ला टेनिस संघको आयोजना तथा रेवान पोखराको मुख्य प्रायोजनमा जारी प्रतियोगिता अन्तर्गत शनिबार भएको सेमिफाइनलमा राजनले लक्ष्मण तामाङलाई ६-३, ६-२ ले पराजित गर्दै फाइनलमा स्थान बनाएका हुन् ।

अर्को सेमिफाइनलमा नविनले अनुज कुमार बाँस्तोलालाई ६-४, ६-४ ले पराजित गर्दै उपाधीका लागि राजनसंगको भेट पक्का गरे । डबल्सतर्फ उपाधीका लागि गोपीबहादुर भट्टराई र सूर्य भुजेलले अनुज कुमार बाँस्तोला र नविन



श्रेष्ठको जोडीसंग प्रतिस्पर्धा गर्नेछन् । भट्टराई जोडीले पदम गुरुङ्ग र हुम आलेको जोडीलाई ६-३, ६-२ ले पराजित गर्दै फाइनलमा स्थान बनाएका हुन् । अर्को सेमिफाइनलमा अनुज र नविन जोडीले लोक गुरुङ्ग र राजन पौडेलको जोडीलाई ६-२, ६-४ को सेटमा पराजित गर्दै फाइनल पुगे । प्रतियोगितामा विजयी हुने खेलाडीले नगद १० हजार सहित ट्रफि तथा द्वितिय हुने खेलाडीले नगद ५ हजार सहित ट्रफि पुरस्कार प्राप्त गर्नेछन् । प्रतियोगिको फाइनल खेल आइतबार पोखरा रंगशालामा हुनेछ ।

# संविधान...

उहाँले यसको जगेर्ना गर्दै राष्ट्रलाई स्थायित्व दिन सबैको परम कर्तव्य भएको बताउनुभयो । पटकपटकका नयाँनयाँ प्रयोग नेपालले भोग्न सहज नहुने उहाँको भनाइ थियो ।

निर्वाचित जनप्रतिनिधिले संविधान र कानुनको मर्म तथा भावनालाई अगीङ्कार नगरी शासन सञ्चालन गर्दा व्यक्ति मात्र नभएर संस्थाप्रति समेत नागरिकका आस्था र विश्वास गुम्दै जाने कुरामा सबै सचेत हुनुपर्नेमा राष्ट्रपति पौडेलको जोड थियो । लोकतान्त्रिक शासन व्यवस्थामा लोकतान्त्रिक संस्था बलिया र कानुनसम्मत भएनन् भने त्यस्ता संस्थाप्रति नागरिकका विश्वास धर्मराउने, व्यवस्थाप्रति वितृष्णा जाग्न सक्ने हुनाले यसतर्फ सबै सजग रहन जरुरी छ भन्नेमा आफू दृढ रहेको उहाँले बताउनुभयो ।

राष्ट्रपति पौडेलले भन्नुभयो, "मुलुकमा अहिले पनि थुप्रै चुनौती छन् । कोभिड-१९ महामारीपछि विश्वव्यापीरुपमा देखिएको आर्थिक सुस्तताको असर नेपालमा समेत देखिन थालेको छ । सङ्क्रमणकालीन न्यायको व्यवस्थापन, आर्थिक क्षेत्रमा देखिन थालेका असर एवं जलवायु परिवर्तनले देखापर्न थालेका असरको न्यूनीकरण तथा राजनीतिक उपलब्धिको रक्षा जस्ता विषयमा राष्ट्रिय सहमति र राष्ट्रिय एकताको आवश्यकता मैले देखेको छु ।"

# शान्ति प्रक्रियाका बाँकी काम टुङ्गो लगाउन आग्रह

**रासस**
काठमाडौं, ४ चैत

विभिन्न राजनीतिक दलका नेताहरूले शान्ति प्रक्रियाका बाँकी काम टुङ्गो लगाउन आग्रह गरेका छन् ।

शनिबार आयोजित 'शान्ति प्रक्रिया र सङ्क्रमणकालीन न्याय व्यवस्थापन' विषयक अन्तर्क्रियामा नेताहरूले शान्ति प्रक्रियामा उल्लेख भएअनुसार न्याय सम्पादन गरिनुपर्नेमा जोड दिनुभयो । नेकपा (क्रान्तिकारी माओवादी)का वरिष्ठ नेता सिपी गजुरेलले जनयुद्धकालीन घटनालाई नियमित अदालती प्रक्रियामा लिए नेकपा (माओवादी केन्द्र) का अध्यक्ष तथा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' मात्रै नभएर तत्कालीन सात राजनीतिक दलका नेताहरू पनि उत्तिकै जिम्मेवार रहेको तर्क गर्नुभयो ।

सशस्त्र द्वन्द्वका पीडितले न्याय चाँडो पाउनुपर्ने बताउँदै उहाँले न्यायका लागि शान्ति प्रक्रियाअनुसार सत्य निरुपण तथा मेलमिलाप आयोगबाट टुङ्गो लगाउनुपर्नेमा जोड दिनुभयो । नेकपा बहुमतका संयोजक धर्मेन्द्र बाँस्तोलालेगणतन्त्रल्याउनबलिदान गर्नेहरूमाथि नै मुद्दा लगाइएको भन्दै आपत्ति जनाउनुभयो ।

# प्रहरीले सेवाग्राहीहरुसँग गर्नुपर्ने व्यवहार सम्बन्धि अभिमुखीकरण

**पोखरापत्र संवाददाता**
पोखरा, ४ चैत

वडा प्रहरी कार्यालय बैदामका प्रहरी कर्मचारीहरुका लागि प्रभावशाली सञ्चार एवम प्रहरीले सेवाग्राहीहरुसँग गर्नुपर्ने व्यवहार सम्बन्धि एक दिने अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ ।

वडा प्रहरी कार्यालय वैदामको आयोजनमा सम्पन्न अभिमुखीकरणमा वैदामका प्रहरी नायव उपरिक्षक वेदप्रकाश जोशीले प्रहरी जनताको सेवक भएकाले प्रहरीप्रतिको विश्वासलाई मजबुत बनाएर सेवाप्रवाह गर्नुपर्ने बताउनुभयो । उहाँले शान्ति सुरक्षा अमन चयन कायम गर्ने जिम्मेवारी पाएको प्रहरी संगठनले प्रभावकारी रुपबाट काम गर्न नागरिक मैत्री बोली व्यवहारको खाँचो औल्याउनुभयो । प्रशिक्षणले सोच्ने क्षमता र गर्ने व्यवहारलाई सकारात्मक उन्मुख बनाउन सघाउ पुराउने जनाउँदै उहाँले सिकेको कुरालाई



व्यवहारमा लागु गर्न आग्रह गर्नुभयो । सहभागीको तर्फबाट अनुभव राख्दै प्रहरी जवान सन्तोष रिमालले बोल्ने कला, पत्रकारको प्रहरी र प्रहरीको पत्रकार प्रतिको धारणाका साथै प्रभावशाली सञ्चारका लागि अपनाउनु पर्ने विधि प्रक्रियाको बारेमा जान्न बुझ्ने अवसर मिलेको बताउनुभयो । उहाँले सिकेका कुरालाई आफ्नो कार्यक्षेत्रमा कार्यान्वयन गर्ने प्रतिवद्धता समेत व्यक्त गर्नुभयो । वैदामका प्रहरी निरिक्षक हरिप्रसाद पौडेलले सेवाग्राहीको प्रहरी प्रति दृष्टिकोणलाई सकारात्मक बनाउने बोल्ने कलाको महत्वको बारेमा प्रशिक्षण उपयोगी भएको धारणा राख्नुभयो । नागरिकसँग हरेक विषयसँग ठोकिने प्रहरीका लागि बोल्ने कला निकै आवश्यक र उपयोगी भएको बताउनुभयो । कार्यक्रममा नेपाल पत्रकार महासंघ कास्कीका उपाध्यक्ष जमुना वर्षा शर्माले प्रभावकारी सेवा प्रवाहका लागि सञ्चार र बोल्ने कलाको महत्वको बारेमा प्रशिक्षण दिनुभएको थियो । एक दिने अभिमुखीकरणमा वडा प्रहरी कार्यालय र मातहतका २५ जना प्रहरी कर्मचारीहरुको सहभागिता रहेको थियो ।

# मुलुक...


अधिकारीले सबै क्याम्पसले निर्वाचनको तयारी गरिसकेको समेत बताउनुभयो । केही क्याम्पसमा विद्यार्थी सङ्गठनबीच सहमति हुन नसक्दा निर्वाचन प्रक्रिया अगाडि नबढेको उहाँको भनाइ छ । ती क्याम्पस यथाशीघ्र निर्वाचन प्रक्रिया थाल्न निर्देशन दिइसकेको समेत अधिकारीले बताउनुभयो ।

अनेरास्ववियुका अध्यक्ष समिक बडाल प्रत्येक दुई/दुई वर्षमा हुने स्ववियु निर्वाचन नहुँदा विद्यार्थी आकर्षण घटेको बताउँछन् । उहाँले १४ वर्षपछि हुन थालेको स्ववियु निर्वाचनका कारण विद्यार्थी उत्साहित भएको बताउनुभयो । "नेतृत्व उत्पादन गर्ने नर्सरीका रुपमा रहेको स्ववियु निर्वाचन नियमित हुन सकेको थिएन", उहाँले भन्नुभयो, "अब स्ववियु निर्वाचन हुँदैछ । यसले विद्यार्थी आन्दोलनलाई थप बल पुऱ्याउँछ ।" अनेरास्ववियु (क्रान्तिकारी)का महासचिव दीपेश पुनले स्ववियु निर्वाचन नहुँदा विद्यार्थी आन्दोलन कमजोर भएको बताउनुभयो । सबै विद्यार्थीको एक मात्र एजेन्डा यही भएकाले स्ववियु निर्वाचन सम्भव भएको उहाँ बताउनुहुन्छ । " स्ववियुलाई सबै विद्यार्थी सङ्गठनले बचाउने प्रण गरौँ", उहाँले भन्नुभयो, "विद्यार्थी आन्दोलन कमजोर भयो भन्ने हाम्रो निष्कर्ष निकालेर निर्वाचन गर्न थालेका हौँ ।" अनेरास्ववियुका अध्यक्ष सुदेश पराजुलीले आइतबार हुने स्ववियु निर्वाचनले विद्यार्थी आन्दोलनको उचाइ बढाउने बताउनुभयो । उहाँले विगतमा त्रिवि पदाधिकारी नचाहेर स्ववियु निर्वाचन हुन नसकेको भन्दै यसपटक विद्यार्थी सङ्गठन स्ववियु निर्वाचनमा एक भएकाले सम्भव भएको बताउनुभयो ।

नेपाल विद्यार्थी सङ्घका नेता दिनेश शाहीले विद्यार्थी सङ्गठन स्ववियु निर्वाचनका सन्दर्भमा एक भएकाले यो सम्भव भएको बताउनुभयो । उहाँले निर्वाचनले विद्यार्थीको नेतृत्व विकासमा सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।
लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।
सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरुषमा देखिने :
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।
महिलाहरुमा देखिने :
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडबडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

# सामुदायिक विद्यालयको भौतिक संरचना बढ्दो, गुणस्तर घट्दो

**–डम्मर बुढामगर**
ढोरपाटन, ४ चैत (रासस)

स्थानीय तह आउनुपूर्व बजारदेखि गाउँसम्मका सामुदायिक विद्यालय जीर्ण थिए । काठ, ढुङ्गा र माटोले बनेका पुराना भवनमा विद्यार्थी भुइँमै बसेर पढ्थे । प्राथमिक तह पढ्नकै लागि घण्टौँको दूरी पार गर्नुपर्थ्यो । घण्टौँ लगाएर पढ्न आउने विद्यार्थीले कक्षाकोठा अपुग हुन्थ्यो । शौचालय, खानेपानी र पुस्तकालय किताबमा पढिन्थ्यो । प्रयोग गर्न पाइँदैनथ्यो । तर अहिले त्यस्ता समस्या केही विद्यालयमा बाहेक धेरैमा छैन । पक्की भवन, खेलमैदान र अन्य पूर्वाधार अधिकांश विद्यालयमा बनेका छन् ।

विद्यालयमा भौतिक संरचना थपिँदै छन् भने गुरणस्तर खस्कँदो छ । पहिलेको जस्तो विद्यार्थीको चाप पनि छैन । गाउँगाउँका सामुदायिक विद्यालयमा विद्यार्थीको सङ्ख्या साह्रै न्यून छ । अभिभावकले सामुदायिक विद्यालयको गुणस्तरमाथि प्रश्न उठाउँदै ऋण धन गरेरै निजी विद्यालयमा छोराछोरी पढाउन थालेका छन् । विद्यार्थी घट्दै गएपछि बागलुङका केही पालिका विद्यालय समायोजन गर्ने तयारीमा छन् । जिल्लाको बागलुङ नगरपालिका, गलकोट नगरपालिका, बडिगाड गाउँपालिकालगायतका पालिकाले विद्यालय समायोजन गर्न थालेका हुन् । बडिगाड गाउँपालिकाले यसभन्दा अगाडि चार विद्यालय समायोजन गरेको छ । २० जनाभन्दा कम विद्यार्थी भएका विद्यालय गाभेर पठनपाठन सञ्चालन गरेको गाउँपालिकाका शिक्षा शाखा अधिकृत पूर्णबहादुर घर्तीले जानकारी दिनुभयो । यस वर्ष करिब चार विद्यालय समायोजन गर्ने चरणमा रहेको उहाँको भनाइ छ । घर्तीले भन्नुभयो, "विद्यार्थी कम भएका विद्यालयलाई नजिकको सँग 'मर्ज' गर्ने भएका छौँ, बजार क्षेत्रका विद्यालयमा विद्यार्थी निकै बढिरहेका छन्, अहिले समस्या भनेको गाउँका विद्यालयमा हो, गाउँबाट सबै मान्छेहरू सेवा सुविधा खोज्दै बजार झर्ने गरेका छन्, त्यसको प्रत्येक्ष असर गाउँका विद्यालयमा परेको छ, यहाँका केही विद्यालयमा भने विद्यार्थी बढी छन् ।" गलकोट नगरपालिकाले दर्जन बढी विद्यालय समायोजन गर्ने भएको छ । नगरपालिकाले समायोजनका लागि कार्यविधि बनाएको नगर शिक्षा अधिकृत शिव खड्काले जानकारी दिनुभयो । नगरपालिकाले कक्षा १-३ मा १५ जना, कक्षा १-५ मा २५ जना, कक्षा ६-८ मा २१ जना, कक्षा ९-१० मा २५ जना र ११-१२ मा २५ जना विद्यार्थी नभएका विद्यालयलाई समायोजन गरिने खड्काको भनाइ छ । उहाँका अनुसार विद्यार्थी कम भएका करिब १५ वटा विद्यालय समायोजन गर्ने अवस्थामा रहेका छन् । काठेखोला गाउँपालिकामा दुई विद्यालय समायोजन गर्ने स्थितिमा रहेका छन् । बागलुङ नगरपालिकामा पनि धेरै विद्यालय समायोजन गर्नुपर्ने देखिएको छ । नगरपालिकाले विद्यालय समायोजनसम्बन्धी नीति बनाएर पठनपाठनलाई प्रभावकारी बनाउने जनाएको छ । नगरपालिकाका शिक्षा शाखा अधिकारी धनप्रसाद पोखरेलले बजारमा भन्दा बढी समस्या गाउँका विद्यालयमा भएको बताउनुभयो । उहाँले भन्नुभयो, "गाउँमा साना कक्षामा विद्यार्थी छैनन्, बजारमा माथिल्लो तहमा पढ्ने विद्यार्थी छैनन्, ११/१२ पास गऱ्यो भने विद्यार्थी विदेश हिँडी हाल्छन्, यो बागलुङको मात्रै समस्या होइन देशभर यस्तै छ, नगरपालिकाले विद्यार्थीलाई मर्का नपर्ने गरी विद्यालय समायोजन गर्ने छ, थोरै विद्यार्थी भएको विद्यालयमा पठनपाठन गाह्रो नै हुन्छ ।" सामुदायिक विद्यालयमा शैक्षिक गुणस्तर खस्कँदै गएपछि विद्यार्थीको आकर्षण निजी विद्यालयतर्फ बढिरहेको छ । निजी विद्यालयमा तल्लो तहदेखिनै विद्यार्थीको चाप देखिन्छ । शिक्षा विकास तथा समन्वय एकाइ बागलुङका प्रमुख कुश्मराज उपाध्यायले शिक्षाको गुणस्तर वृद्धि गर्न नसकेसम्म विद्यार्थी बढाउन नसकिने बताउनुभयो । सामुदायिक विद्यालय अब भौतिक पूर्वाधारमा कमजोर नभएको भन्दै गुणस्तर बढाउनतर्फ लाग्नुपर्नेमा प्रमुख उपाध्यायले जोड दिनुभयो । "सामुदायिक विद्यालयमा गुणस्तरीय पढाइ नभएको होइन, राम्रो पढाइ हुन्छ, जहाँका समुदाय, अभिभावक, विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापक सक्रिय हुन्छन् त्यो विद्यालयमा निजीमा भन्दा राम्रो पढाइ भएको छ, उपलब्धि पनि उस्तै छ", उपाध्यायले भन्नुभयो, "धेरै ठाउँमा सामुदायिक विद्यालयप्रति धेरैले चासो दिँदैनन्, गाउँका विद्यालयलाई राम्रो बनाउने विद्यार्थी टिकाउने हो भने समुदाय पनि जिम्मेवार हुन जरुरी देखिन्छ ।"

उहाँले ग्रामीण क्षेत्रका विद्यालयमा विद्यार्थीको सङ्ख्या घट्नुको मुख्य कारण बसाइँसराइ भएको बताउनुहुन्छ । पछिल्लो समय मानिस विलासिता खोज्दै सहज बजार झर्ने र बालबालिकालाई पनि सँगै लैजाने गर्दा गाउँका विद्यालयमा विद्यार्थीको अभाव हुन थालेको उहाँको भनाइ छ । ग्रामीण क्षेत्र सबै प्रकारका विकासले जोडिए विद्यार्थी बढाउन सकिने उपाध्यायले बताउनुभयो ।

जिल्लामा अहिले पाँच सय १४ सामुदायिक र ५९ निजी गरी पाँच सय ७३ विद्यालय सञ्चालनमा छन् । शिक्षा विकास तथा समन्वय एकाइ बागलुङका अनुसार ६२ हजार तीन सय २१ जना सामुदायिक र ११ हजार तीन सय ७० जना गरी ७४ हजार तीन सय ५७ जना विद्यार्थी अध्ययनरत छन् । जिल्लाभर ७४ हजार तीन सय ५७ विद्यार्थी रहेका छन् । जसमा ३५ हजार नौ सय ८० छात्रा र ३८ हजार तीन सय ७३ जना छात्र अध्ययनरत रहेका छन् । जिल्लाभर १४ दशमलव आठ प्रतिशत विद्यार्थी निजी विद्यालयमा अध्ययन गरिरहेका छन् । सामुदायिकतर्फ छात्र ३१ हजार आठ सय ९७ जना र छात्रा ३१ हजार चार सय २० जना छन् भने निजी विद्यालयमा छात्र छ हजार चार सय ७६ र छात्रा चार हजार पाँच सय ६० जना अध्ययन गरिरहेका छन् ।

# रतन पाण्डे सहकारीको रक्तदान

**समिक्षा गौतम / रन्जिता आचार्य**
पोखरा, ४ चैत



पोखरा महानगरपालिका वडानं १३ आर्वा, साझामा सञ्चालनमा रहेको रतन पाण्डे बचत तथा ऋण सहकारी संस्था लि.ले संस्थाको १८औं स्थापना दिवसको अवसरमा शनिबार खुल्ला रक्तदान कार्यक्रमको आयोजना गरियो ।

रक्तदान कार्यक्रमका प्रमुख अतिथि पोखरा महानगरपालिका वडानं १३का वडा सदस्य बलबहादुर बरालले पहिलो रक्तदातालाई ब्लड ब्याग हस्तान्तरण गरी कार्यक्रमको शुभारम्भ गरेका थिए । सो अवसरमा सदस्य बरालले सहकारीले आफ्नो स्थापना दिवसमा यस प्रकारको मानिसलाई जीवनदान दिने पवित्र कार्यक्रम आयोजना गरेकोमा खुशी ब्यक्त गरे । उनले सहकारीहरुले समाजिक क्षेत्रमा गर्दै आईरहेका कार्यक्रमहरु उल्लेखनीय रहेकोमा धन्यवाद दिए। कार्यक्रममा आशिर्वाद युवा क्लवका अध्यक्ष बिक्रम बराल लगायतले रक्तदानको महत्वका विविध पक्षका बारेमा प्रकाश पारेका थिए । रतन पाण्डे बचत तथा ऋण सहकारी संस्था लि का अध्यक्ष बसन्त शर्मा अधिकारीको सभापतित्वमा भएको रक्तदान कार्यक्रममा उपाध्यक्ष नारायण प्रसाद बरालले स्वागत तथा सहकारीका शिक्षा उपसमितिका संयोजक रबिमोहन बरालले कार्यक्रम सञ्चालन गरेका थिए। सो अवसरमा ४५ युनिट रगत संकलन गरिएको थियो ।

# महर्षि गुरुकुलमा ज्योतिषि सुनझाँक्रीको सहयोग

**पोखरापत्र संवाददाता**
पोखरा, ४ चैत



महर्षि गुरुकुल वेद विद्याश्रम पोखरा ३ नारायणस्थानमा अध्ययनरत विद्यार्थी र शिक्षक कर्मचारीका लागि दौरा सुरुवाल दान सहयोग हस्तान्तरण गरिएको छ ।

कमाएको धनबाट दश प्रतिशत दान गर्ने मनसायबाट प्रेरित भएर पोखरा ७ स्थित रत्नचोक निवासी 'जय शम्भो भयार ऐरी सुनझाँक्री ज्योतिषि सेवा'का ज्योतिषि सुनझाँक्रीको परिवारद्वारा महर्षि गुरुकुल वेद विद्याश्रममा अध्ययनरत विद्यार्थी वटुक र कार्यरत शिक्षक कर्मचारीका लागी दौरा सुरवाल दान सहयोग गर्नुभएको हो । विद्याश्रममा आयोजित कार्यक्रममा बोल्दै ज्योतिषि सुनझाँक्रीले विद्याश्रममा अध्ययनरत वेदपाठी ब्राह्मण वटुकलाई आफूले कमाएको धनबाट दान गर्न पाउनु आफ्नो लागि भाग्य र खुसिको कुरा भएको बताउनुभयो । आश्रममा अध्ययनरत विद्यार्थीहरुलाई धर्म संस्कृतिको संरक्षणमा जोड दिदै भोलीका दिनमा उच्च शिक्षा अध्ययन र अन्य कामका लागि आश्रम छाडेर गएपनि कमाएको धन आफै पढेको विद्यालयलाई दान गरिरहन विद्यार्थीहरुलाई प्रेरणा समेत दिनुभयो । आश्रमका अध्यक्ष रामचन्द्र पौडेलले विद्याश्रमका विद्यार्थीहरुलाई एउटै पोशाक बनाउनका निमित्त ज्योतिषि परिवारले गरेको सहयोग महत्वपूर्ण र प्रेरणादायि भएको भन्दै प्रशंसा गर्नुभयो । आश्रमका सचिव तथा वडा नं. ३ का वडा सदस्य शान्तिदेवी पराजुलीले आश्रममा अध्ययनरत विद्यार्थीलाई गरेको सहयोग आश्रम परिवारले सदैव स्मरण गरिरहने बताउनुभयो । विद्याश्रमका अध्यक्ष रामचन्द्र पौडेलको सभापतित्वमा भएको कार्यक्रमको सञ्चालन ध्यानशिक्षक विरेन्द्र सापकोटाले गर्नुभएको थियो । विद्यार्थीहरुले स्वस्तिवाचन गरि पोशाकदाताप्रति आभार प्रकट गर्नुभएको थियो । पोखरा ३ नारायणस्थानमा रहेको आश्रममा हाल कक्षा ६ देखि १० कक्षासम्म संस्कृत विषयका साथै आधुनिक विषय समेत पठनपाठन हुदै आएको छ । विद्याश्रममा ४५ जना विद्यार्थीका लागी निशुल्क रुपमा आवास, पठनपाठन र भोजनको व्यवस्था रहेको छ ।

# मुट्ठीदानको भरमा मानव सेवा आश्रम

**पोखरापत्र संवाददाता**
बागलुङ, ४ चैत

पछिल्लो समय मानव सेवा आश्रम बागलुङमा आश्रित सहयोगापेक्षी तथा बेसहारा सडक मानवहरुको सङ्ख्यामा वृद्धि भएको छ ।

दाताको भरमा चल्दै आएको आश्रममा आश्रितको सङ्ख्या बढ्दै गएपछि आवास व्यवस्थापनमा समस्या भएपछि केही आश्रितलाई पोखरा शाखामा पुऱ्याइएको छ । एक साताअघि मात्रै मानव सेवा आश्रमबाट ११ जना आश्रितलाई मानवसेवा आश्रम पोखरा शाखामा स्थानान्तरण गरिएको छ । पुण्य तिथि, जन्मदिन, चौरासी पूजा र व्रतबन्ध जस्ता सामाजिक तथा धार्मिक कार्यका अवसरमा प्रदान गरेको खाद्यान्न र नगदबाट धानिँदै आएको मानव सेवा आश्रममा पछिल्लो समय आश्रितको सङ्ख्यामा समेत वृद्धि भएपछि आवासको समस्या देखिएको छ । बागलुङ नगरपालिका-३ स्थित अस्थायी टहरामा सञ्चालित बागलुङ शाखा साँघुरो भएपछि एक हप्ताअघि मात्रै पाँच महिला र छ पुरुषलाई पोखरा शाखामा स्थानान्तरण गरिएको मानव सेवा आश्रम बागलुङ शाखाका संयोजक विपना तामाङले जानकारी दिनुभयो ।

"अहिले सञ्चालित मानव सेवा आश्रम साँघुरो भइरहेको छ, नयाँ भवन बागलुङ-४ निरयघाटमा बनिरहेको छ, तर तत्कालका लागि आवास असुविधा भएर ११ जनालाई पोखरा पठाएका छौँ", तामाङले भन्नुभयो, "बागलुङमा अहिलेसम्म आश्रमले खाद्यान्न खरिद गर्न परेको छैन, यहाँका सहयोगी दाताको भरमा आश्रम सञ्चालित छ, अहिलेसम्म आश्रममा जन्मदिन, पुण्य तिथि र विभिन्न सामाजिक कार्यमा प्राप्त हुने खाद्यान्न तथा नगद सहयोगले आश्रममा पुगेको छ ।"

आश्रममा रहेका आश्रितको औषधि उपचारका लागि भने अहिले समस्या भइरहेको आश्रमले जनाएको छ । अहिले मानव सेवा आश्रम बागलुङ शाखामा ४२ सहयोगापेक्षी बेसहारा सडक मानवलाई आश्रय दिएको आश्रमले जनाएको छ । त्यसमध्ये सबैभन्दा बढी बौद्धिक र शारीरिक अपाङ्गता भएका रहेका छन् ।

अहिले भवन निर्माणका लागि बागलुङका १० पालिका र गण्डकी प्रदेश सरकारबाट समेत सहयोग आइरहेको छ । बागलुङ-४ निरयघाटस्थित आश्रम निर्माणले गति लिइसकेको छ । आश्रम भवन निर्माणपछि आश्रममा धेरैभन्दा धेरै सहयोगापेक्षी बेसहारा सडक मानवलाई आश्रित गर्न सकिनेछ ।

विसं २०७३ मा स्थानीय पाँचजनाको पहलमा सुरु भएको मानव सेवा आश्रम बागलुङ शाखाले अहिले व्यापकता पाउँदै छ । आश्रमले अहिले आफ्नै सुविधा सम्पन्न भवन निर्माण गरिरहेको छ ।

# किसानलाई प्राङ्गारिक तथा जैविक मल बनाउने तालिम

**पोखरापत्र संवाददाता**
गोरखा, ४ चैत

गोरखाको बारपाक सुलिकोट गाउँपालिकाले पालिकाभित्रका किसानलाई प्राङ्गारिक तथा जैविक मल बनाउने तालिम दिएको छ । गाउँपालिकाले वडा नम्बर ६ स्थित डाँडाथोकमा किसानलाई जैविक मल बनाउने तालिम दिएको गाउँपालिका कृषि शाखाका प्रमुख रोजिना मग्रातीले जानकारी दिनुभयो ।

"सहकारी संस्थामा आबद्ध रहेका ४० जना किसानलाई प्राङ्गारिक तथा जैविक मल बनाउने सिकाइएको हो", उहाँले भन्नुभयो, "रासायनिक मलको अत्यधिक प्रयोग माटो बिग्रने भएकाले किसानलाई प्राङ्गारिक तथा जैविक मलको प्रयोगमा प्रोत्साहन गर्नका लागि पनि तालिम प्रभावकारी भएको छ ।"

प्राङ्गारिक तथा जैविक मलको प्रयोगबाट उत्पादन हुने खाद्य वस्तुले मानिसको स्वास्थ्यमा समेत हानी नपुग्ने भएकाले गाउँपालिकाभित्रका किसानलाई प्राङ्गारिक तथा जैविक मलको प्रयोगमा जोड दिँदै आएको मग्रातीले बताउनुभयो । गाउँपालिकाले 'रासायनिक मललाई नियन्त्रण गरौ, जैविक र प्राङ्गारिक मलको प्रयोग गरौँ स्वास्थ्य बनौँ', भन्ने नारासहित वडावडामा पुगेर किसानलाई तालिम दिँदै आएको हो । चालु आर्थिक वर्षभित्रमा गाउँपालिकाको वडा नम्बर ३, ५ र ६ किसानलाई प्राङ्गारिक तथा जैविक मल बनाउने तालिम प्रदान गरिसकेको उहाँले जानकारी दिनुभयो । सहभागीलाई सैद्धान्तिक र प्रयोगात्मक अभ्यास गराउने गरिएकाले किसानका लागि तालिम प्रभावकारी भएको मग्रातीको भनाइ छ । रासायनिक मलको अभाव भोग्दै आएका किसान टोलटोलमा पुगेर गाउँपालिकाले प्राङ्गारिक तथा जैविक मल बनाउने तालिम दिएपछि खुसी भएका छन् ।


## Madi Rural Municipality
### Office of The Rural Municipal Executive
### Thumakodada, Kaski
### Gandaki Province, Nepal

## Invitation for Seal Quotation

**Second date of Publication: 2079/12/05 (19th March 2023)**

1. **Madi Rural Municipality,Office of the Rurual Municipal Executive, Thumakodada, Kaski** invites the Hard Copy bids from Nepalese eligible bidders for Seal Quotation contracts under Hard Copy-procurment system for the construction of projects mentioned below;

| SN | Contract No. (IFB No.) | Description of Work | Estimated Amount NRS (without VAT & contingence) | Bid Security Amount (NRS). | Bid Security Validity Period | Cost of Bidding Document (NRs.) |
|---|---|---|---|---|---|---|
| 1 | 13/MRM/SQ/WORK/ 2079/080 | Renovation Of Ward no-1 Office Building | 4,88,569.73 | 15,000 | 75 days | 1000 |
| 2 | 14/MRM/SQ/WORK/ 2079/080 | Renovation Of Ward no-5 Office Building | 3,93,450.37 | 12,000 | 75 days | 1000 |
| 3 | 16/MRM/SQ/WORK/ 2079/080 | Renovation Of Ward no-7 Office Building | 7,39,165.39 | 22,500 | 75 days | 1000 |
| 4 | 17/MRM/SQ/WORK/ 2079/080 | Renovation Of Ward no-8 Office Building | 2,95,643.40 | 9,000 | 75 days | 1000 |
| 5 | 18/MRM/SQ/WORK/ 2079/080 | Renovation Of Ward no-9 Office Building | 1,43,314.03 | 4,400 | 75 days | 1000 |
| 6 | 19/MRM/SQ/WORK/ 2079/080 | Renovation Of Ward no-12 Office Building | 8,07,240.84 | 24,500 | 75 days | 1000 |

2. **Purchase, Submission and Opening:**

| Contract No. | Bid Document Purchase Last Date | | Submission of Bid | | Opening of Bid | |
|---|---|---|---|---|---|---|
| 13,14…& 19/MRM/SQ/ WORK/2079/080 | Date | Time | Date | Time | Date | Time |
| | 2079/12/19 | 17:00 | 2079/12/20 | 12:00 | 2079/12/20 | 13:00 |
| Bank Name | Name of Office | | Revenue Account No | | Deposit Account No. | |
| Machhapuchhre Bank ltd, Thumakodada Kaski. | Madi Rural Municipality, Office of the Municipal Executive, Thumakodada, Kaski | | 0790051472900083 | | 0790051472900011 | |

3. Bidders should Purchase the bidding documents and submit their bids Hard Copy through Hard Copy-procurment section of Madi Rural Municipality, as specified in the bidding data sheet for provision of Hard Copy-Bidding.
4. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

**Chief Administrative Officer**